आ.व.०८१।८२

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**वैठक नं ६**

**समयः विहान ११ वजे** **मितिः२०८१।०७।०६ गते**

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यापालिका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री वीरवहादुर पुन | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | हरि टण्डन | प्रशासन छैठो | |
| २. | सन्तोष जि.सि. | लेखा अधिकृत | |
| ३. | प्रदिप पन्थ | कृषि अधिकृत | |
| ४. | सावित्रा पाण्डे | का.स. | |

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८१।७।०६ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

वैठक नं ६

**समयःविहान ११ वजे**

कार्यसुची तथा निर्णयहरूः

| क्रस. | कार्यसुचीको विषय | प्रस्तुतकर्ता | मिति | कैफियत |
|---|---|---|---|---|
| १. | अघिल्लो बैठकका निर्णयहरू कार्यन्वयन समिक्षा सम्वन्धमा। | अध्यक्ष ज्युको अनुमतिमा प्र.प्र.अ ज्युवाट | २०८१।०७।०६ | २०८१।०६।२३ गते वसेको |
| २. | वडा सेवा कार्यालय स्थापना गर्ने सम्वन्धमा | अध्यक्ष ज्यु वाट | २०८१।०६।२३ | |
| ३. | पदस्थापना सहमती सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा प्र.प्र.अ. ज्यु वाट | २०८१।०६।२३ | |
| ४. | लेन्थ वर्कर राख्ने सम्वन्धमा (क. पिपलनेटा दिगाम घडेरीटोला जोडने कालोपत्रे सडक खण्ड (ख. विरवास कोलधरी वर्जिया सिस्ने मो.वा. सडक खण्ड अन्तर्गत गुन्टुङ विक्रम पधेरा चेनएज) | अध्यक्ष ज्युवाट | २०८१।०६।२३ | |
| ५. | शिक्षा समितिका मनोनित सदस्यहरूको सिफारिस गर्ने सम्वन्धमा | अध्यक्ष ज्युवाट | २०८१।०६।२३ | |
| ६. | उत्पादनमा आधारीत कार्यक्रम संचालनकोलागी मुल्याकंन समितिवाट सिफारीस भइ आएका प्रस्तावकहरू छनौट गर्ने सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा मुल्याकंन समितिका संयोजक ज्युवाट | २०८१।०६।२३ | |
| ७. | विज्ञापन गर्ने सम्वन्धमा | अध्यक्ष ज्यु वाट | २०८१।०६।२३ | |
| ८. | रकमान्तर सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा लेखा शाखा प्रमुख ज्युवाट | २०८१।०६।२३ | |
| ९. | निकासा सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा प्र.प्र.अ. ज्युवाट | | |

**निर्णयहरू:**

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८१।७।०६ गतेको गाउँ कार्यपालिका वैठकका प्रस्तावना तथा निर्णयहरु

वैठक नं ६
समयः विहान ११ वजे

१. छत्रकोट गाउँपालिका गाउँकार्यापालिकाको मिति २०८१।०६।३० गते वसेको वैठकको निर्णय कार्यन्वयन समिक्षा गरियो।

२. छत्रकोट गाउँपालिका वडा नं ३ हर्दिनेटा को लुम्छा वजारमा वडावाट हुने सेवा प्रवाह हुने गरी समय तालिका मिलाइ वडा सेवा कार्यालय स्थापना गर्ने निर्णय गरियो।

३. छत्रकोट गाउँपालिका गाउँकार्यापालिकामा कार्यारत नेपाल इन्जिनियरिङग सेवा सिभिल समुह सहायक स्तर चौथो तह असिन्टेन्ट सव –इन्जिनियर श्री गोपाल खड्का (क.सं.न. २४०६२१) लाइ मिति २०७८।०१।२० गते मुसिकोट नगरपालिका रूकुम पश्चिममा रिक्त पदमा जान दोहोरो सहमतिमा कामकाजमा काज सरूवा भएकोमा हाल छत्रकोट गाउँपालिकाको उक्त निजको रिक्त पदमा प्रदेश लोकसेवा आयोग लुम्विनी प्रदेशवाट सिफारिस भइ पदस्थापना समेत भइसकेको हुदा असिन्टेन्ट सव-इन्जिनयर श्री गोपाल खड्कालाइ हाल कार्यारत मुसिकोट नगरपालिका रूकुम पश्चिममा सोहि पदमा पदस्थापनाकोलागि सिफारिस गर्ने निर्णय गरियो।

४. छत्रकोट गाउँपालिका अन्तर्गत तपशिल वमोजिम कालोपत्रे सडकहरूको तत्काल मर्मत सम्भार गर्नुपर्ने भएकोले प्रति वडा २ जनाको दरले लेन्थ वर्कर राख्ने निर्णय गरियो।

<u>तपशिल</u>

क. पिपलनेटा दिगाम घडेरीटोला जोडने कालोपत्रे सडक खण्ड
ख. विरवास कोलधरी वर्जिया सिस्ने सडक अन्तर्गत गुन्टुङ विक्रम पधेरा चेनएज
ग. हर्दिनेटा वडाकार्यालय जोडने कालोपत्रे सडक (जम्मा ५ दिन)

५. छत्रकोट गाउँपालिका तपशिल वमोजिमका सदस्यहरूलाइ शिक्षा समितिको मनोनित सदस्यको रूपमा मनोनित गर्ने निर्णय गरियो।

तपशिल

**क. कार्यापालिका सदस्यवाट**

१. घनश्याम न्यौपाने
२. सावित्रा वि.क.

**ख. समाजसेवी तथा शिक्षा प्रेमीवाट**

१. हुमनाथ कंडेल
२. विष्णु पौडेल

CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोचमा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८१।०८।१५
दीप बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१।७।०६ गतेको गाउँ कार्यपालिका वैठकका प्रस्तावना तथा निर्णयहरू

वैठक नं ६

समयःविहान ११ वजे

६. छत्रकोट गाउँपालिका वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत उत्पादनमा आधारीत अनुदान कार्यक्रम संचालनकोलागी कृषि उत्पादनमा आधारीत अनुदान वितरण सम्वन्धी कार्यविधि २०८१ वमोजिम गठित मुल्याकन समितिवाट सिफारिस भएका तपशिल वमजिमका प्रस्तावकहरू छनौट गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स. | प्रस्तावकको नाम | प्रस्तावकको ठेगाना | प्रस्तावकको कार्य क्षेत्र |
|---|---|---|---|
| १. | पैचो पसल प्रा.लि. | रूरूक्षेत्र वडा नं ४ गुल्मी | वडा नं १,२ र ४ |
| २. | मुक्तिनाथ वहुउद्देश्य सहकारी संस्था | छत्रकोट गाउँपालिका वडा नं ३ हर्दिनेटा | वडा नं ३ |
| ३. | गाउले ग्रुप अफ इन्डष्ट्रिज प्रा.लि. | छत्रकोट गाउँपालिका वडा नं ४ | वडा नं ५ र ६ |

निर्णय नं ६ मा उल्लेखित देविस्थान युवा स्मार्ट कृषि तथा पशुपन्छि सहकारी लि.को पेश भएका प्रस्तावकहरूमा न्युन पुजि देखिएकोले उक्त कार्यक्रम संचालनमा छनौट नगर्ने निर्णय गरियो।

निर्णय नं ७ छत्रकोट गाउँपालिका गाउँकार्यापालिकामा रिक्त रहेको तपशिल वमोजिमको पदहरूको विज्ञापन गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स. | पद | सख्या | तह |
|---|---|---|---|
| १. | मेडिकल अधिकृत | १ | आठौ |
| २. | पशु चिकित्सक | १ | सातौ |
| ३. | सुचना प्रविधि अधिकृत | १ | छैठौ |

निर्णय नं ८

छत्रकोट गाउँपालिकाको स्विकृत वजेट अन्तर्गत रहि देहाय वमोजिमको वजेट रकमान्तरण गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स. | रकमान्तर हुने शिर्षक | वजेट | रकमन्तर हुने शिर्षक | वजेट |
|---|---|---|---|---|
| १. | क. सेवा परामर्श वजेट<br>ख. E-Attendance centralization | १० लाख रूपैया | पल्लिआप वाल नाली ग्राभेल निर्माण वडा नं ६ | १० लाख रूपैयां |

CS CamScanner

मिति २०८१।७।०६ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

बैठक नं ६

समयः विहान ११ बजे

निर्णय नं ९

क. वीरवास कोलधरी वर्जिया झेर्दि सिस्ने चन्द्रकोट गा.पा. मोटरवाटो स्तरोन्तरी योजना अन्तर्गत सिन्धु निर्माण सेवालाइ सार्वजनिक खरिद नियमावली २०६४ को तेह्रौ संसोधन नियम १२० (३) वमोजिम ठेक्का सम्झौता को २५ प्रतिशत ठेक्का म्याद थप गर्ने भनि मिति २०८१।०२।२१ गते को निर्णय वमोजिम उक्त सिन्धु निर्माण सेवा ले उक्त ठेक्का सम्झौता म्याद भित्र सो कार्य सम्पन्न भएको हुदा संघिय समपुरक अनुदान अन्तर्गत आ.व.०८१।८२ को वार्षिक स्विकृत वीरवास कोलधरी वर्जिया झेर्दि सिस्ने चन्द्रकोट गा.पा. मोटरवाटो स्तरोन्तरी योजनावाट कार्यसम्पादन प्रतिवेदन मुल्यांकन प्रतिवेदन अनुसार वाकी पेश्कि कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।

ख. लुम्छा धरमपानी दिगाम सातमुरे सडक स्तरोन्तरी योजना अन्तर्गत अग्रगामी निर्माण सेवालाइ सार्वजनिक खरिद नियमावली २०६४ को तेह्रौ संसोधन नियम १२० (३) वमोजिम ठेक्का सम्झौता को २५ प्रतिशत ठेक्का म्याद थप गर्ने भनि मिति २०८१।०२।२१ गते को निर्णय वमोजिम उक्त अग्रगामी निर्माण सेवा ले उक्त ठेक्का सम्झौता म्याद भित्र सो कार्य सम्पन्न भएको हुदा संघिय समपुरक अनुदान अन्तर्गत आ.व.०८१।८२ को वार्षिक स्विकृत लुम्छा धरमपानी दिगाम सातमुरे सडक स्तरोन्तरी योजनावाट कार्यसम्पादन प्रतिवेदन मुल्यांकन प्रतिवेदन अनुसार वाकी पेश्कि कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।

CamScanner